# प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको मासिक जनस्वास्थ्य बुलेटिन

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
बेनी,म्याग्दी

अंक:१२ | वर्ष:२ | महिना:बैशाख | आ.व:२०८२/८३

मिति २०८३/०१/०८ गते प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको आयोजनामा मानसिक स्वास्थ्य सचेतना तथा प्रवर्दन कार्यक्रम धौलागिरी गाउँपालिका व.डा. ०७ मा सम्पन्न भएको थियो। उक्त कार्यक्रम प्रशिक्षक (मनोविद) श्री सरिता अर्यालज्यूले सहजीकरण गर्नुभएको थियो भने, प्रदेश जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत श्री रेजिना बरुवाल ज्यू लगायत जनस्वास्थ्य अधिकृत श्री सृष्टि शर्मा ज्यूले कार्यक्रम सन्चालन गर्नुभएको थियो ।





मिति २०८३।०१।१० र २०८३/०१/११ गते प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीको आयोजनामा आमाको दुधलाई प्रतिस्थापन गर्ने वस्तु (बिक्री वितरण नियन्त्रण) ऐन, २०४९ तथा नियमावली, २०५१ सम्बबन्धी सरोकारवालाहरुलाई अभिमुखीकरण कार्यक्रम मंगला गाँउपालिका म्याग्दीमा सम्पन्न भएको छ । प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख श्री भुवन ठकुराठी ज्युको अध्यक्षतामा संचालित उक्त कार्यक्रममा गाँउपालिका अध्यक्ष सत प्रसाद रोका ज्युको प्रमुख आतिथ्यता र उपाअध्यक्ष , प्रमुख प्रशासकिय अधिकृत ज्युको विशेष आतिथ्यतामा सम्पन्न भएको थियो , स्थानिय तह अन्तर्गत विभिन्न शाखाका प्रमुख एवम स्वास्थ्य प्रतिनिधिका साथै अन्य सरोकारवालाहरुको सहभागितामा कार्यक्रम सम्पन्न भएको थियो। कार्यक्रमको संचालन स्वास्थ्य शाखा प्रमुख बालकृष्ण शर्मा गर्नुभएको थियो भने जनस्वास्थ्य कार्यालय प्रमुख र पोषण फोकल पर्सन गणेश सुबेदी ज्युको सहजिकरणमा सम्पन्न भएको थियो ।





मिति २०८३/०१/१० र २०८३/०१/११ गते प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दीको आयोजनामा समुदायस्तरमा MPDSR कार्यक्रमको निरन्तरता तथा विस्तारसम्बन्धी दुई दिने अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीका प्रमुख श्री भुवन ठकुराठीज्यूको अध्यक्षतामा सम्पन्न उक्त कार्यक्रममा सम्बन्धित स्थानीय तहका स्वास्थ्य शाखा प्रतिनिधि तथा सरोकारवालाहरूको सहभागिता रहेको थियो। कार्यक्रममा जनस्वास्थ्य अधिकृत अञ्जली पी.सी. र वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक मनदेवी गौतमज्यूले सहजीकरण गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन पब्लिक हेल्थ नर्स सारती कुँवरले गर्नुभएको थियो। कार्यक्रममा MPDSR को परिचय, मातृ तथा नवजात मृत्यु न्यूनीकरणमा यसको भूमिका, विभिन्न तहमा समिति गठन तथा जिम्मेवारी, साथै Notification, Screening र Verbal Autopsy सम्बन्धी व्यवहारिक पक्षहरूबारे जानकारी तथा छलफल गरिएको थियो। साथै मातृ तथा नवशिशु मृत्यु न्यूनीकरणका लागि आवश्यक सुधारात्मक कार्ययोजना तयार गर्दै MPDSR प्रणालीलाई प्रभावकारी रूपमा कार्यान्वयन गर्ने विषयमा समेत जोड दिइएको थियो।






मिति २०८३/०१/१३ देखि २०८३/०१/१५ गतेसम्म प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दीको आयोजनामा प्रसुति प्रदायकहरूका लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धी Onsite Coaching/Mentoring कार्यक्रम मालिका गाउँपालिका अन्तर्गत बिम स्वास्थ्य चौकीमा सम्पन्न भएको छ। कार्यक्रममा सामान्य प्रसुति, प्रसुति पश्चात अत्यधिक रक्तश्राव व्यवस्थापन, Condom Tamponade, Kangaroo Mother Care, निशासिएको नवशिशुको व्यवस्थापन, NASG तथा recording/reporting सम्बन्धी ज्ञान तथा सीप विकास गराइएको थियो। कार्यक्रममा प्रदेश अस्पताल बेनी, म्याग्दीमा कार्यरत वरिष्ठ अस्पताल नर्सिङ निरीक्षक मनदेवी गौतमज्यूले सेवा प्रदायकहरूलाई Mentoring गर्नुभएको थियो भने सहजीकरण पब्लिक हेल्थ नर्स सारती कुँवरले गर्नुभएको थियो। साथै कार्यक्रमअन्तर्गत गुणस्तर सुधार अनुगमन (QIP) गरी स्वास्थ्य चौकी व्यवस्थापन समितिसँग छलफल तथा सुधारात्मक कार्ययोजना समेत तयार गरिएको थियो।






प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रमअनुसार मिति २०८३/०१/१४ र २०८३/०१/१५ गतेसम्म स्वास्थ्यकर्मीहरूका लागि आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचारबारे अभिमुखीकरण कार्यक्रम सम्पन्न भएको छ। म्याग्दी जिल्लाका ६ वटै स्थानीय तह अन्तर्गत स्वास्थ्य संस्थामा कार्यरत २७ जना स्वास्थ्यकर्मीहरूको सहभागितामा सम्पन्न कार्यक्रमको अध्यक्षता कार्यालय प्रमुख श्री भुवन ठकुराठीज्यूले गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन परिवार नियोजन निरीक्षक श्री गणेश सुबेदीले गर्नुभएको थियो भने सहजीकरण प्रदेश अस्पतालका मे.अ. डा. रामु सापकोटा र दन्त चिकित्सक श्री सन्ध्या रेग्मीले गर्नुभएको थियो। कार्यक्रममा आँखा, नाक, कान, घाँटी तथा मुख स्वास्थ्य सम्बन्धी प्राथमिक उपचार र व्यवस्थापनका विषयमा जानकारी तथा व्यवहारिक छलफल गरिएको थियो।





प्रदेश जनस्वास्थ्य कार्यालय म्याग्दीको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अनुसार मिति २०८३ /०१/१६ गते नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अन्तरक्रिया कार्यक्रम रघुगंगा गाउंपालिका ०६ पाखापानी स्वास्थ्य चैकीमा सम्पन्न भयो।






मिति २०८३/०१/१८ गते प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको आयोजनामा र बेनी नगरपालिका स्वास्थ्य शाखाको समन्वयमा नसर्ने रोग,VIA परिक्षण तथा मानसिक स्वास्थ्य सम्बन्धी बृहत स्वास्थ्य शिविर जिल्ला प्रहरी कार्यालय, बेनी, म्याग्दीका प्रहरी कर्मचारीहरुमा सफलतापूर्वक सम्पन्न गरियो।






मिति २०८३/०१/१६ र १७ गते प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दीको आयोजनामा ANC to PNC Continuum of Care, PRTP तथा MPDSR सम्बन्धी दोस्रो ब्याच कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ। प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दीका जनस्वास्थ्य अधिकृत सृष्टि शर्मा ज्युको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मातृ तथा नवजात शिशु स्वास्थ्य सेवाको गुणस्तर अभिवृद्धिका लागि ANC देखि PNC सम्मको निरन्तर सेवा, PRTP तथा MPDSR प्रणालीको प्रभावकारी कार्यान्वयन सम्बन्धी विषयमा छलफल तथा अनुभव आदान–प्रदान गरिएको थियो। कार्यक्रममा धौलागिरी प्रादेशिक अस्पताल बाग्लुङका स्त्रीरोग विशेषज्ञ डा. विजय ओझा, प्रदेश अस्पताल बेनी म्याग्दीका अस्पताल नर्सिङ निरीक्षक झरना श्रेष्ठ तथा मेडिक मोबाइलका प्रोजेक्ट अफिसर नारायण रिजालले सहजीकरण गर्नुभएको थियो भने कार्यक्रम सञ्चालन पब्लिक हेल्थ नर्स सारती कुँवरले गर्नुभएको थियो।






नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी वृहत स्क्रिनिङ शिविर प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दी, प्रदेश अस्पताल बेनी, म्याग्दी तथा प्रदेश आयुर्वेद चिकित्सालय बेनी, म्याग्दीको संयुक्त आयोजनामा मिति २०८३/०१/१९ र २०८३/०१/२० गते रघुगंगा गाउँपालिका–६ स्थित पाखापानी स्वास्थ्य चौकीमा सफलतापूर्वक सम्पन्न भएको छ। शिविरमा नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी स्वास्थ्य जाँच, रगत तथा पिसाब परीक्षण, जीवनशैली परामर्श तथा सचेतनामूलक सेवा प्रदान गरिएको थियो। स्थानीय नागरिकहरूको उल्लेख्य सहभागिता रहेको उक्त कार्यक्रम सफल बनाउन सहयोग गर्नुहुने स्थानीय तह, पाखापानी स्वास्थ्य चौकीका स्वास्थ्यकर्मीहरू, स्वयंसेविका तथा सम्पूर्ण सहभागीहरूप्रति आयोजकले हार्दिक धन्यवाद व्यक्त गरेको छ।





प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको आयोजनामा मिति २०८३/०१/२३ गते झी स्वास्थ्य चौकिमा मातृ तथा नवशिशु स्वास्थ्यसम्बन्धी तथ्यांक व्यवस्थापन, MPDSR, र Pregnancy Registration Tracking App सम्बन्धी अनसाइट कोचिङ कार्यक्रम सफलतापूर्वक सम्पन्न भएको छ।






# प्रदेश जनस्वास्थ्य कार्यालय, बेनी, म्याग्दीको मासिक जनस्वास्थ्य बुलेटिन

गण्डकी प्रदेश सरकार
स्वास्थ्य मन्त्रालय
प्रदेश जनस्वास्थ्य कार्यालय
बेनी,म्याग्दी

अंक:१२ वर्ष:२ महिना:बैशाख आ.व:२०८२/८३

मिति २०८३/०१/२४ देखि २०८३/०१/२७ गतेसम्म प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दीको आ.व. २०८२/०८३ को वार्षिक स्वीकृत कार्यक्रम अन्तर्गत राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविकाहरूका लागि पुनर्ताजगी तालिम धवलागिरी गाउँपालिका–४, मुदी वडा कार्यालयमा सम्पन्न भएको छ। वडा अध्यक्ष श्री याम बहादुर घर्तीज्यूको अध्यक्षतामा सम्पन्न कार्यक्रममा मुदी स्वास्थ्य चौकी प्रमुख श्री ओमकार सुनार तथा अनमी श्री सुनिता गुर्धामीज्यूले मुख्य प्रशिक्षकको रूपमा सहजीकरण गर्नुभएको थियो। कार्यक्रमको सञ्चालन तथा व्यवस्थापन तथ्यांक सहायक श्री सुशील ओझाले गर्नुभएको थियो भने तालिममा धवलागिरी गाउँपालिका–४, मुदीका राष्ट्रिय महिला सामुदायिक स्वास्थ्य स्वयंसेविका तथा अन्य स्वास्थ्यकर्मीहरूको सहभागिता रहेको थियो।





मिति २०८३/०१/२६ देखि २८ गतेसम्म प्रदेश जनस्वास्थ्य कार्यालय बेनी, म्याग्दीको आयोजनामा प्रसुति प्रदायकहरूका लागि मातृ तथा नवशिशु स्वास्थ्य सम्बन्धी Onsite Coaching/Mentoring कार्यक्रम धवलागिरी गाउँपालिका अन्तर्गत ताकम स्वास्थ्य चौकीमा सम्पन्न भएको छ। कार्यालय प्रमुख श्री भुवन ठकुराठीज्यूको अध्यक्षतामा सम्पन्न कार्यक्रममा सामान्य प्रसुति, प्रसुति पश्चात अत्यधिक रक्तश्राव व्यवस्थापन, Condom Tamponade, Kangaroo Mother Care, निशासिएको नवशिशुको व्यवस्थापन, NASG तथा recording/reporting सम्बन्धी ज्ञान तथा सीप विकास गराइएको थियो। कार्यक्रममा दरबाङ आधारभूत अस्पतालमा कार्यरत श्री एलिना पुर्जाज्यूले सेवा प्रदायकहरूलाई Mentoring गर्नुभएको थियो भने सहजीकरण पब्लिक हेल्थ नर्स सारती कुँवरले गर्नुभएको थियो। साथै कार्यक्रमअन्तर्गत गुणस्तर सुधार अनुगमन (QIP) गरी स्वास्थ्य चौकी व्यवस्थापन समितिसँग छलफल तथा सुधारात्मक कार्ययोजना समेत तयार गरिएको थियो।





## म्याग्दी जिल्लाका स्थानीय तहहरुमा बैशाख महिनामा भएका कार्यक्रमहरु;

### अन्नपूर्ण गाउँपालिका

- अन्नपूर्ण गाउँपालिका २ भु -तातोपानी म्याग्दी! , ४, नारच्यॉगलाई, १ दोवालाई, ७ हिस्तान, ५ शिखलाई, पूर्णखोप वडा सुनिश्चितता तथा दिगोपना घोषणा समारोह!








### रघुगंगा गाउँपालिका

- एक्सरेद्वारा छातिरोग सम्बन्धी खोजपडताल शिविर
- नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी वृहत स्वास्थ्य स्क्रिनिंग क्याम्प
- पूर्णखोप वडा घोषणा समारोह कार्यक्रम
- MNH तालिम पिप्ले





## मंगला गाउँपालिका

- नर्सिङ कर्मचारीहरुका लागि ३ दिने क्लिनिकल मेन्टरिंग तथा अनसाइट कोचिंग कार्यक्रम
- ६ देखि ५९ महिना सम्मका बालबालिकामा पोषण लेखाजोखा
- पूर्णखोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा कार्यक्रम







## मालिका गाउँपालिका

- महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरुलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- पूर्णखोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा कार्यक्रम







## बेनी नगरपालिका

- महिला सामुदायिक स्वास्थ्य स्वयंमसेविकाहरुलाई नसर्ने रोग तथा मानसिक स्वास्थ्य सम्बन्धी अभिमुखीकरण कार्यक्रम
- पूर्णखोप सुनिश्चितता तथा दिगोपना पालिका घोषणा कार्यक्रम
- गर्भवती पोषण तथा स्वयंमसेविका प्रोत्साहन कार्यक्रम वडा नम्बर १ रत्नेचौर
- स्वास्थ्य संस्था सरसफाई सप्ताह कार्यक्रम
- टिभी अनसाइट कोचि तथा डाटा भेरीफिकेसन कार्यक्रम
- सुनौलो हजार दिनका आमाहरुलाई स्तनपान र पोषण प्रवर्धन सम्बन्धी सचेतना कार्यक्रम






## धवलागिरी गाउँपालिका

- पूर्णखोप पालिका घोषणा कार्यक्रम
- VIA camp गुर्जा स्वास्थ्य चौकी
- ग्रामीण अल्ट्रासाउन्ड कार्यक्रम



